घरपभ्कोङ गाउँपालिका

गाउँपालिका कार्यालय, जोमसोम, मुस्ताङ, गण्डकी प्रदेश, नेपाल

घरपभ्कोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको २९औं बैठकको निर्णयहरु

मिति २०८०।१।२३

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस कार्यपालिकाको २८औं बैठकमा जम्मा २० वटा निर्णयहरु भएकोमा १२ वटा निर्णयहरु कार्यान्वयन गर्नु पर्ने र अन्य निर्णयहरुमा गत बैठकको निर्णय कार्यान्वयन समिक्षा, कार्यविधि स्वीकृत गरेको र जानकारी गराउने खालका निर्णयहरु भएका थिए । कार्यान्वयनमा जानु पर्ने निर्णयहरु मध्ये जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको ढल निकास व्यवस्थापनको लागि पूर्वाधार कार्यालयबाट काम भएकोले गर्नु नपरेको र राजश्व सम्भाव्यता अध्ययनको लागि गठन भएको टोलीले निकट समयमा अध्ययनको कार्य शुरु गर्ने र अन्य निर्णयहरु मध्ये धेरैजसो निर्णयहरु कार्यान्वयन भई सम्पन्न भएको साथै केही निर्णयहरु कार्यान्वयनको अवस्थामा रहेको जानकारी यस बैठकलाई भयो ।

**प्रस्ताव नं. २ :-**

नगर प्रहरी व्यवस्थापन सम्बन्धमा (नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधा, पोशाक र चिन्ह) ।

**निर्णय नं. २ :-**

यस गाउँपालिकाले नगर व्यवस्थापनमा सहयोग हुने गरी नगर प्रहरी हवल्दार (सहायक स्तर चौथो तह)-१ जना र नगर प्रहरी जवान (श्रेणीविहिन) कम्तिमा १ जना महिला गरी-२ जना करारमा व्यवस्थापन गर्ने सम्बन्धमा घरपभ्कोङ गाउँपालिकाको नगर प्रहरी गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० को दफा १८ र १९मा भएको व्यवस्था अनुसार तपसिल बमोजिम तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

क) नगर प्रहरी हवल्दारको मासिक पारिश्रमिक : रु.२५,०००।-

ख) नगर प्रहरी जवानको मासिक पारिश्रमिक : रु.२३,०००।-

ग) नगर प्रहरी हवल्दार र जवानको मासिक राशन भत्ता : रु.५०००।-

घ) बिदा : अन्य करारमा कर्मचारीले पाए सरहको बिदा उपलब्ध गराउने र बिदा संचित हुने छैन ।

ङ) सट्टा बिदा : यस कार्यालय अन्तर्गत कार्यरत स्वास्थ्य तर्फका कर्मचारीले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम पाउने सट्टा बिदा अनुसार उपलब्ध गराउने तर संचित बिदा वापत आर्थिक सुविधा उपलब्ध हुने छैन ।

च) चार्ड पर्व खर्च : एक महिनाको मासिक पारिश्रमिक बराबरको रकम (कर्मचारीले मनाउने चाडपर्वको समयमा उपलब्ध गराउने) ।

निर्मल प्रजापति

०८०।०१।२३

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

छ) पोशाक : १) नगर प्रहरीको पोशाकको रंग फर्न (उनीउँ) हरियो हुनेछ । साथै विशेष कार्यक्रममा खटिँदा खरानी सेतो रंगको सर्ट तथा फर्न (उनीउँ) हरियो रंगको टोपी, स्वेटर (ज्याकेट) तथा पाईन्ट हुनेछ ।

ज) पोशाकमा लगाउने ब्याज नगर प्रहरी हवल्दारको लागि दुवै काँधमा पहेको रंगको तीनवटा सिधा रेखा हुनेछ र नगर प्रहरी जवानको लागि कुनै किसिमको ब्याज हुने छैन ।

झ) नगर प्रहरीको पोशाक भत्ता बार्षिक रुपमा एकमुष्ट रु.१५०००।- का दरले निजहरुलाई उपलब्ध गराईनेछ ।

**प्रस्ताव नं. ३ :-**

नगर प्रहरीको करारमा भर्ना गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० र यस बैठकको निर्णय नं. २ मा उल्लिखित बमोजिम हुने गरी नगरी प्रहरी हवल्दार-१ जना र नगर प्रहरी जवान (१ जना महिला सहित)-२ जना करारमा भर्ना गर्ने सार्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस घरपझोङ गाउँपालिकाले तयार गरेको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१" लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

यस गाउँपालिका २ नं. वडाको ६० थान ग्याबिन बक्स वितरणको अनुमोदन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस गाउँपालिका २ नं. वडा मार्फामा तुरन्तै कालीगण्डकी नदी तटबन्धन संरक्षण गर्नु पर्ने भएकोले यस कार्यालयबाट उपलब्ध गराईएको ६० थान ग्याबिन बक्सलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

स्वास्थ्य बीमा सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस गाउँपालिकाबाट गाउँपालिका भित्रका नेपाल सरकारले राजपत्रमा प्रकाशन गरेको दलित जातीय अनुसूचीमा उल्लेखित जातिका परिवार (एक परिवार बराबर ५ जना सम्म), मध्यम अपाङ्गता, सामान्य अपाङ्गता र गाउँ कार्यपालिकाको २०७९।५।१२ गते बसेको बैठकको निर्णय नं. २१ मा उल्लेख भएको विपन्न परिवार छनौटका आधार बमोजिम गत आ.ब.मा स्वास्थ्य बीमाको सुविधा पाएका व्यक्तिहरुको

निर्णय प्रमाणित ।
०८१।०१।२३

घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

विवरण अद्यावधिक गरी स्वास्थ्य बीमाको प्रिमियम रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो। साथै स्वास्थ्य बीमित व्यक्ति वा परिवार थपघट भएको अवस्थामा चालु आ.ब.को विनियोजित बजेट भित्र रहेर थप बीमा गरिदिने र बजेट अपुग भएमा आगामी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने समेत सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ७ :-**

होम ईलेक्ट्रिकलाई बिजुलीको सामानको बिल भुक्तानी सम्बन्धमा।

**निर्णय नं. ७ :-**

यस गाउँपालिकाको स्वामित्वको बसपार्कहरुमा थ्रिफेज लाईन जडानको लागि आवश्यक तार र अन्य सामाग्रीहरु खरिद गरेको र गाउँपालिकाको कार्यालयमा बिजुलीको तारमा समस्या आई तार फेरेको बिलको रकम रु.१,५८,४९६।- होम ईलेक्ट्रिकलाइ कन्टिजेन्सी (योजना व्यवस्थापन) शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ८ :-**

ठिनी खोल्सी नियन्त्रण, घरपझोङ गाउँपालिका-५, ठिनीको भेरिएसन सम्बन्धमा।

**निर्णय नं. ८ :-**

यस गाउँपालिका ५ नं. वडा ठिनीको चालु आ.ब. को प्रदेश स्तरीय योजना "ठिनी खोल्सी नियन्त्रण, घरपझोङ गाउँपालिका-५, ठिनी" को सम्बन्धमा चालु आ.ब. को स्वीकृत बजेट रु.४०,००,०००।- बराबरको लागत ईस्टिमेट तयार भई ठेक्का बन्दोबस्ती हुँदा उक्त योजना रु.२५,२१,७७२।४८ मा सम्झौता भई चालु आ.ब. को लागि तोकिएको काम सम्पन्न भएको। उक्त योजना क्रमागतमा रहेकोले हाल सम्मको सम्पन्न काम बमोजिम उक्त खोल्सीको लागि केही कामहरुमा कुलो खनेर छोडेको हुँदा उक्त खोल्सीको अधुरो कामलाई सम्पन्न गर्न सकेको अवस्थामा हाल लगानी भई सकेको कामको दिगोपना समेत हुने हुँदा उक्त योजनामा बचत भएको रकम वापत रु.१३,७७,२६६।७३ ले अधुरो अवस्थामा रहने कामहरुलाई सम्पन्न गर्ने गरी प्राविधिकबाट थप काम भेरिएसनको लागत ईस्टिमेट तयार गर्ने र उक्त योजनाको काम गर्न सम्झौता भएको ठेकेदार कम्पनी सहमतिमा आएको अवस्थामा आवश्यक पर्ने समय उपलब्ध गराई सोही ठेकेदार कम्पनी सँग पूर्व सम्झौताको शर्त बमोजिम काम गर्ने गरी भेरिएसनको आदेश दिने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ९ :-**

अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्बन्धमा।

**निर्णय नं. ९ :-**

चालु आ.ब. को स्वीकृत कार्यक्रम अन्तर्गत अध्ययन अवलोकन भ्रमण कार्यक्रम शिर्षकमा बचत रहेको रु.५,००,०००।- बाट कार्यालयको नियमित कामकाजमा असर नपर्ने गरी गाउँ कार्यपालिकाका सदस्य र कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रमको आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय प्रमाणित।
०८१।०१।२८